# वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको स्थानीय राजपत्र

खण्डः ३ | कागबेनी,मुस्ताङ, | संख्याः २ | मितिः २०७९/०३/१०

## भाग-२

## नविकरणीय ऊर्जा प्रविधि जडान (वायोग्याँस/विद्युतीय चुल्हो/सुधारिएको चुल्हो/सौर्य ऊर्जा) कार्यक्रम संचालन कार्यविधी, २०७९

### प्रस्तावना

संघ वा प्रदेशबाट प्राप्त भएको वा हुने सशर्त अनुदान वा यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाबाट विनियोजन भएको वा हुने नविकरणीय उर्जा सम्बन्धि कार्यक्रमलाई यस गाउँपालिका भित्र व्यवस्थित तवरले संचालन गर्न अत्यावश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ तथा वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्न बनेको ऐन २०७४ साथै स्थानीय तहका लागि नविकरणीय/वैकल्पिक ऊर्जा शिर्षकमा विनियोजित सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनका लागि मार्गदर्शनले दिएको अधिकार प्रयोग गरी "नविकरणीय ऊर्जा प्रविधि जडान (वायोग्याँस/विद्युतीय चुल्हो/सुधारिएको चुल्हो/सौर्य ऊर्जा) कार्यक्रम संचालन कार्यविधी, २०७९" स्वीकृत गरी जारी गरिएको छ।

## परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यो कार्यविधीको नाम "नविकरणीय ऊर्जा प्रविधि जडान (वायोग्याँस/विद्युतीय चुल्हो/सुधारिएको चुल्हो/सौर्य ऊर्जा) कार्यक्रम संचालन कार्यविधी, २०७९" रहेको छ।

(ख) यो कार्यविधी गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुने छ।

**२. परिभाषाः-**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा:-

(क) "ऐन" भन्नाले "स्थानीय सरकार संचालन ऐन, २०७४" लाई जनाउने छ।

(ख) "सभा" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको गाउँसभालाई जनाउने छ।

(ग) "कार्यपालिका" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको गाउँ कार्यपालिकालाई जनाउने छ।

(घ) "नविकरणीय ऊर्जा कार्यक्रम" भन्नाले संघीय वा प्रदेशस्तरबाट प्राप्त भएको वा गाउँपालिकाले स्वीकृत गरेको नविकरणीय ऊर्जा कार्यक्रम सम्झनु पर्छ।

(ङ) "कार्यविधी" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिका अन्तर्गत संचालित "नविकरणीय ऊर्जा प्रविधि जडान (वायोग्याँस/विद्युतीय चुल्हो/सुधारिएको चुल्हो/सौर्य ऊर्जा) कार्यक्रम संचालन कार्यविधी, २०७९" लाई सम्झनु पर्छ।

(छ) "लाभग्राही" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा गठन भई छनौट भएका उपभोक्ता समिति/व्यक्ति/लाभग्राही समूह/संस्थालाई सम्झनु पर्छ। साथै यस कार्यक्रम कार्यान्वयन गर्ने विभिन्न समितिहरुलाई समेत जनाउने छ।

(ज) "मालसामान" भन्नाले नवीकरणीय ऊर्जासँग सम्बन्धित मालसामान भन्ने बुझिन्छ ।

**३. कार्यक्रमको उद्देश्य र प्रभावः-**

यस कार्यक्रमको मुख्य उद्देश्य यस गाउँपालिका भित्र संचालन हुने नविकरणीय ऊर्जा सम्बन्धि कार्यक्रम संचालन गरी गाउँपालिकालाई उज्यालो गाउँपालिका बनाउनु रहेको छ।

(क) कार्यक्रम संचालन भएपछि सम्पूर्ण गाउँ अन्धकारमुक्त भई उज्यालो गाउँमा रुपान्तरित हुनेछन्।

(ख) ईन्धनको रुपमा प्रयोग हुने एल.पि.जी. खपत घट्ने छ।

(ग) घरहरु धुँवा मुक्त हुने छन्।

(घ) जनताहरुको कार्य क्षमता बढ्नेछ।

## परिच्छेद २
## समिति

४. नविकरणीय उर्जा कार्यक्रम संचालनका लागि देहाय बमोजिमको समिति गठन गरिनेछः-

४.१ कार्यान्वयन, छनौट तथा स्वीकृति समितिः- नविकरणीय उर्जा कार्यक्रम संचालन तथा कार्यान्वयन गर्नको लागि तपशिल बमोजिमको एक कार्यान्वयन, छनौट तथा स्वीकृति समिति हुने छः-

क) गाउँपालिका अध्यक्ष – संयोजक

ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

घ) गाउँपालिका अध्यक्षले तोकेको १ जना वडा अध्यक्ष – सदस्य

ङ) योजना शाखा प्रमुख – सदस्य

वा, कार्यपालिकाको बैठकबाट नविकरणीय ऊर्जा कार्यक्रमका लागि यस गाउँपालिकाभित्रका व्यक्ति/संस्था/समिति/लाभग्राही समूह छनौट तथा स्वीकृति हुन सक्ने छ।

४.२ अनुगमन समितिः- नविकरणीय ऊर्जा कार्यक्रमको लागि छनौट भएका व्यक्ति/संस्था/समिति/लाभग्राहीले नविकरणीय उर्जा कार्यक्रम/परियोजनाको कार्य गरेको वा नगरेको,

कार्य सम्पन्न भए पश्चात सदुपयोग गरे नगरेको विषयमा अनुगमन गर्नको लागि देहाय बमोजिमको अनुगमन समिति गठन गरिने छ।

क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको व्यक्ति – संयोजक
ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
ग) छनौट भएका व्यक्ति/संस्था/समिति/लाभग्राही रहेको सम्बन्धित वडाको अध्यक्ष वा निजले तोकेको वडा सदस्य १ जना – सदस्य
घ) योजना शाखा प्रमुख – सदस्य
ङ) प्राविधिक शाखा प्रमुख – सदस्य
च) लेखा शाखा प्रमुख – सदस्य
छ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी – सदस्य

## परिच्छेद ३

### प्रस्ताव आह्वान, मूल्याङ्कन तथा स्वीकृती

**५. प्रस्ताव आह्वानः-**

नविकरणीय ऊर्जा कार्यक्रम संचालनका लागि गाउँ कार्यपालिकाको कार्यालयले देहाय बमोजिम नविकरणीय ऊर्जा कार्यक्रमको प्रस्ताव आह्वान गर्ने छ।

५.१ कार्यालयले अनुसुची १ बमोजिमको ढाँचामा कार्यालयको वेव साईट वा सूचना पाटीमा नविकरणीय ऊर्जा कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वानको ७ दिने सुचना प्रकाशित गर्ने छ।

५.२ उपदफा १ बमोजिम सूचना जारी/प्रकाशित/सार्वजनिक भएको मितिले सूचनाको म्याद भित्र कार्यालय समयमा त्यस्तो कार्यक्रममा सहभागी हुन चाहने वा लाभग्राही छनौट समितिबाट छनौट भएका वा गाउँ कार्यपालिकाको बैठकबाट छनौट भएका व्यक्ति/संस्था/समिति/लाभग्राहीले अनुसुची २ बमोजिमको ढाँचामा आवेदन पेश गर्नु पर्ने छ।

**६.** दफा ५ बमोजिम पर्न आएका प्रस्ताव वा छनौट भएका व्यक्ति/संस्था/समिति/लाभग्राहीलाई गाउँ कार्यपालिकाको कार्यालयले देहाय बमोजिम मुल्याङ्कन, छनौट तथा स्वीकृति प्रदान गरिनेछ।

६.१ आवेदक वारागुङ मुक्तिक्षेत्र गाउँपालिका भित्रको हुनु पर्नेछ।

६.२ विद्युत सुविधा नपुगेको क्षेत्रले प्राथमिकता पाउनेछ।

६.३ उपभोक्ता समिति, कार्यालय, समाजघरले समेत प्राथमिकता पाउनेछ।

६.४ लक्षित वर्ग भित्र पर्ने आवेदकले प्राथमिकता पाउनेछ।

## परिच्छेद ४
## सम्झौता तथा भुक्तानी प्रकृया

**७. भुक्तानी प्रकृया:-**
७.१ स्वीकृत भएका नविकरणीय ऊर्जा कार्यक्रमका प्रस्तावक वा गाउँ कार्यपालिकाको बैठकबाट छनौट भएका व्यक्ति/संस्था/समिति/लाभग्राहीसँग कार्यालयले अनुसूची ३ बमोजिम सम्झौता गर्नेछ।
७.२ स्वीकृत भएका नविकरणीय ऊर्जा कार्यक्रमका प्रस्तावकसँग कार्यालयले अनुसूची ३ बमोजिम सम्झौता गर्दा छनौट भएका लाभग्राहीले कुल लागत अनुमानको १०% व्यहोर्ने गरी सम्झौता गरिने छ।
७.३ यन्त्र, उपकरण तथा अन्य सामाग्रीहरु खरिद गर्दा भ्याट लाग्ने वस्तुको हकमा भ्याट बिलबाट खरिद गर्नुपर्ने छ र यस्ता बिलहरु भुक्तानी माग गर्दा पेश गर्नु पर्नेछ।

७.४ नवीकरणीय ऊर्जासँग सम्बन्धित मालसामान खरिद छनौट भएका लाभग्राही स्वयमले गाउँपालिकाबाट तयार भएको लागत अनुमानको आधारमा खरिद गरी ल्याउन सक्नेछ अथवा गाउँपालिकाले कानुन अनुसार एकमुष्ठमा खरिद गरी लाभग्राहीलाई वितरण गर्न सक्नेछ ।

७.५ अनुगमन समितिको अनुसूची ४ बमोजिमको प्रगति प्रतिवेदन तथा वडा कार्यालयको सिफारिसको आधार तथा प्राविधिक मुल्याङ्कन गर्नुपर्ने भएमा प्राविधिक मुल्याङकन र उपदफा ७.४ समेतको आधारमा भुक्तानी गर्नुपर्ने रकम भूक्तानी गरिनेछ ।

## परिच्छेद ५
## विविध

**८. कार्यक्रमको दुरुपयोग हुनबाट रोक्ने:-** नविकरणीय ऊर्जा कार्यक्रमको दुरुपयोग हुनबाट रोक्नको लागि उपयुक्त उपायहरु अपनाउने छ। सम्झौता बमोजिम पेश्की रकम लिई परियोजना शुरु नगरेमा वा परियोजना शुरु गरी बीचमा छोडेमा वा कबुलियत बमोजिम कार्य नगरेमा सम्झौता भंग गरी पेश्की वा किस्ता वा पुरै रकम लिईको भएमा सरकारी नियम अनुसार उसुल उपर गरिने छ।

**९. प्रचलित कानून लागु हुने:-** कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानूनमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुने छ।

**१०. कार्यविधि संशोधन तथा परिमार्जन:-** यो कार्यविधि गाउँ कार्यपालिकाले समय समयमा आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्ने छ। तर यो दफालाई संशोधन वा परिमार्जन गरिने छैन्।

अनुसूची १

(दफा ५ को उपदफा १ संग सम्बन्धित)

नविकरणीय ऊर्जा कार्यक्रमको लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति(......साल.../...महिना../...गते...)

यस गाउँपालिकामा आर्थिक वर्ष २०..../..... को संघीय/प्रादेशिक/गाउँपालिकाको नविकरणीय ऊर्जा कार्यक्रम प्राप्त भएकोले उक्त नविकरणीय ऊर्जा कार्यक्रम जडान गर्न ईच्छुक यस गाउँपालिकामा रहेका दर्तावाला संघ/संस्था/समिति/व्यक्ति हरुलाई आफ्नो प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र कार्यालय समयमा तोकिएको ढाँचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।पुनश्च: आवेदन साथ तपशिल बमोजिमका कागजात संलग्न हुनु पर्नेछ। यो सुचना गाउपालिकाको वेभ साईट www.varagungmuktichhetramun.gov.np मा पनि हेर्न सकिने छ।

१. संघ, संस्थाको दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी – १ प्रति

२ पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी – १ प्रति

३. उपभोक्ता समिति वा लाभग्राही समुदाय भए समिति वा लाभग्राही समुदायको कुल रकमको १०% रकम व्यहोर्ने समेतको निर्णयको प्रतिलिपी – १ प्रति

४. व्यक्ति भए नागरिकताको प्रतिलिपी – १ प्रति

नोट:- यस सुचनामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून र गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

अनुसूची २

(दफा ५ को उपदफा २ संग सम्बन्धित)

नविकरणीय उर्जा कार्यक्रमको अनुदान प्राप्त गर्नको लागि निवेदनको ढाँचा

मिति:- (......साल.../...महिना../...गते...)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वारागुङ मुक्तिक्षेत्र गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
कागबेनी, मुस्ताङ।

विषय:- नवीकरणीय ऊर्जा कार्यक्रमको अनुदान सहयोग उपलब्ध गराईदिने बारे।

महोदय,

यस संघ/संस्थाले उक्त नवीकरणीय ऊर्जा कार्यक्रमको अनुदान प्राप्त गरी ............................कार्य/परियोजना संचालन गर्नको लागि निम्न अनुसारका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु/छौं। यस संस्थाले उक्त अनुदान प्राप्त गरेमा यसै गाउँपालिका भित्रै प्रस्तावित परियोजना संचालन गर्नेछौं ।तसर्थ यस लाभग्राहीलाई उक्त अनुदान सहयोग उपलब्ध गराई दिनु हुन अनुरोध गर्दछु। श्रीमान् को जो आदेश।

आधिकारिक दस्तखत
.....................................
संघ/संस्थाको नाम :-
ठेगाना:-
ईमेल ठेगाना:-
मिति:-

अनुसूची ३
(दफा ७ को उपदफा १ संग सम्बन्धित)

(नविकरणीय ऊर्जा कार्यक्रमको अनुदानको लागि परियोजना सम्झौता पत्रको ढाँचा)

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका र .........................................का बीच मिति ............................................. मा

यस गाउँ कार्यपालिकाको कार्यालय, कागबेनी (जसलाई यसपछि प्रथम पक्ष भनी उल्लेख हुनेछ) र संघीय/प्रदेश/स्थानीय सरकारबाट नविकरणीय ऊर्जा कार्यक्रमको लागि अनुदानमा यस गाउँपालिकामा आ.व. २०७.../०७..... मा उपलब्ध भएको बजेट कार्यान्वयनको लागि छनौट भएको श्री..................................(जसलाई यसपछि दोश्रो पक्ष भनी उल्लेख हुनेछ) का बीच को मिति................................................को निर्णय अनुसार प्रथम पक्षले नविकरणीय उर्जा अनुदानको रकम रु....................र दोश्रो पक्षको १०%ले हुने रकम रु.......... गरी जम्मा रु................ को नविकरणीय उर्जा कार्यक्रम सम्पन्न गर्ने गरी तपशिल बमोजिमका शर्त, बन्देज तथा दायित्वका अधीनमा रही गर्न यो सम्झौता पत्रमा पूर्ण मञ्जुरीका साथ सहीछाप गरी लियौं/दियौं।

**शर्तहरुः-**

१. कार्यक्रमको सम्झौता नविकरणीय उर्जा अनुदानको रकम रु.................... र दोश्रो पक्षको १०%ले हुने रकम रु.......... गरी जम्मा रु................ (अक्षेरेपी...............................) हुनेछ।

२. दोश्रो पक्षले स्वीकृत परियोजना ..........................मिति र समय भित्र सम्पन्न गरी सक्नु पर्नेछ। सम्पादन गरिने कार्य प्रचलित कानूनले तोके बमोजिमको गुणस्तरीय र उपलब्धीमूलक हुनु पर्नेछ।

३. प्रथम पक्षको तर्फबाट अनुगमन समितिले सम्पादित कार्यको समय समयमा अनुगमन तथा मुल्याङ्कन गर्ने छ। अनुगमन कार्यमा दोश्रो पक्षले सहजिकरण गर्नुपर्नेछ।

४. अनुगमन समितिले कार्य सम्पन्न प्रतिवेदन प्रस्तुत गरेपछि मात्र रकम भुक्तानी दिईने छ। रकम भुक्तानी गर्दा अनुदान रकमबाट नियमानुसार कट्टी गर्नुपर्ने रकम कट्टी गरी भुक्तानी हुनेछ।

५. यस सम्झौता बमोजिम दोश्रो पक्षले परियोजना शुरु नगरेमा वा परियोजना शुरु गरी बीचमा छोडेमा वा कबुलियत बमोजिम कार्य नगरेमा प्रथम पक्षले ....................... कार्यको सम्झौता भंग गर्न सक्नेछ। यसरी सम्झौता भंग गरेमा दोश्रो पक्षले प्रथम किस्ता वा पेश्की स्वरुप कुनै रकम लिईसकेको भएमा सरकारी नियम अनुसार उसूल उपर गरिने छ।

६. परियोजना कार्यान्वयनको कार्ययोजना कार्यतालिका प्रथम पक्षलाई दोश्रो पक्षले उपलब्ध गराउनु पर्नेछ।

७. यो सम्झौता कार्यान्वयन गर्दा कुनै विवाद उत्पन्न भएमा आपसी सहमती बाट विवाद टुङ्गो लगाईने छ। सहमतीबाट विवाद टुङ्ग्याउन नसकेमा प्रचलित नेपाल कानून अनुसार हुनेछ।

८. प्रथम पक्षबाट प्राप्त रकमको लेखापरीक्षण गराउने दायित्व दोश्रो पक्षको समेत हुनेछ।

९. यस सम्झौता पत्रमा उल्लेख नभएका कुराहरुका हकमा सार्वजनिक खरिद ऐन २०६३, गाउँपालिकाको नविकरणीय उर्जा कार्यक्रम संचालन कार्यविधी २०७९, तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

| प्रथम पक्ष | दोश्रो पक्ष |
|---|---|
| दस्तखत:- | दस्तखत:- |
| श्री..............................., | श्री..............................., |
| प्रमुख प्रशासकीय अधिकृत | ठेगाना:-.................... |
| वारागुङ मुक्तिक्षेत्र गाउँपालिका | |
| कागबेनी, मुस्ताङ। | |
| साक्षी:- | साक्षी:- |
| श्री..................................... | श्री..................................... |

ईति सम्बत् २० साल महिना गते रोज.......................................शुभम्।

अनुसूची ४

(दफा ७ को उपदफा ३ संग सम्बन्धित)

नविकरणीय उर्जा कार्यक्रमको अनुगमन फारामको ढाँचा

१. संघ/संस्था/समिति/ आवेदकको नाम, थरः-

३. कार्यक्रम संचालन भएको ठेगानाः-

४. कार्यक्रमको सम्झौता भएको मितिः-

५. सम्झौता अनुसार कार्य सम्पन्न हुने मितिः-

६. प्रगति विवरण तालिकाः-

| क्र.सं. | विस्तृत विवरण | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | सम्झौतामा भएको मितिमा कार्य शुरु भए/नभएको | | | |
| २ | सम्झौतामा भएको स्थानमा कार्य भए/नभएको | | | |
| ३ | मुख्य कार्यक्रमको भौतिक प्रगति | | | |
| ४ | मुख्य कार्यक्रमको आर्थिक प्रगति | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

प्रतिवेदनः-

१. कार्यक्रम सम्पन्न भएको/हुन लाग्ने समयः-

२. मुख्य कार्यक्रमको भौतिक प्रगति प्रतिशत र आर्थिक प्रगति प्रतिशत भएको।

३.

उपर्युक्त व्यहोरा देखिएको हुँदा सो अनुसारको आधारमा भुक्तानी हुन सिफारिस गरिन्छ/गरिँदैन।

अनुगमन समितिको

| क्र.सं. | पदाधिकारिको नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | | संयोजक | |
| २ | | सदस्य | |
| ३ | | सदस्य | |
| ४ | | सदस्य | |
| ५ | | सदस्य | |
| ६ | | सदस्य | |
| ७ | | सदस्य | |

**आज्ञाले**

**जित बहादुर राना**

**प्रमुख प्रशासकीय अधिकृत**